मिति :२०८१/०९/२४
समय : बिहान ०८ बजे
स्थान: गाउँ कार्यपालिकाको कार्यालय

उल्लिखित मिति, समय र स्थानमा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष श्री देवकृष्ण पुडासैनीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| | | |
|---|---|---|
| श्री देवकृष्ण पुडासैनी | इन्द्रसरोवर गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| श्री उमा कुमारी लामा | इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष | -उपाध्यक्ष |
| श्री सुवास थापा मगर | १ न. वडा अध्यक्ष | -सदस्य |
| श्री सुमन श्रेष्ठ | २ न. वडा अध्यक्ष | -सदस्य |
| श्री प्रताप भोम्जन | ३ न. वडा अध्यक्ष | -सदस्य |
| श्री चन्द्र कुमार बल | ४ न. वडा अध्यक्ष | -सदस्य |
| श्री दुतराज तितुङ | ५ न. वडा अध्यक्ष | -सदस्य |
| श्री लिला सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री शोभा कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सानुकान्छी स्याङतान | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सावित्री सुनार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामकृष्ण कामी | कार्यपालिका सदस्य | -सदस्य |
| श्री सम्झना परियार | कार्यपालिका सदस्य | -सदस्य |
| श्री रामचन्द्र लामा | प्रमुख प्रशासकीय अधिकृत | -सचिव |

सहयोगी कर्मचारीः

१. श्री दीपक चापागाईं: प्रशासन शाखा प्रमुख

२. श्री सन्तोष बन्जारा: आर्थिक प्रशासन शाखा प्रमुख

कार्यालय सहयोगीः

१. श्री डिल बहादुर गोले

२. श्री कुमार थिङ लामा

## कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:

१. **कार्यपालिका बैठकका निर्णयहरू कार्यान्वयन समिक्षा सम्बन्धमा:**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८१ पौष ९ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो।

२. **गाउँसभाको मिति तय गर्ने सम्बन्धमा:**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ सभा मिति २०८१ माघ १० गते विहान ९ बजे गर्ने निर्णय गरियो।

३. **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकंन (LISA) तथा वित्तीय सुशासन जोखिम मूल्याकंन (FRA) को प्रारम्भिक नतिजा पृष्ठपोषणका लागि सम्बन्धित निकायमा पेश गर्ने सम्बन्धमा:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहको कार्यप्रकृया र उपलब्धीहरूको बारेमा लेखाजोखा गरी, वित्तीय प्रणाली, व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाई सबल र दुर्बल पक्षहरूको पहिचान गर्ने विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्ने र गाउँपालिका तथा नगरपालिकाहरूको बिचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाइ सक्षम र प्रभावकारी बनाउन स्थानीय तहको स्वमूल्याङ्कनका विषय क्षेत्रहरु तथा वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा देहाय बमोजिमको प्रारम्भिक नतिजा प्राप्त भएकाले उक्त नतिजा उपर सूचीगत रुपमा छलफल र विश्लेषण गरी पृष्ठपोषणका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

स्थानीय तहको स्वमूल्याङ्कन (LISA):




वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA):

Date:




४. नदीजन्य पदार्थको आई.ई.ई. स्वीकृत गरी ठेक्का आव्हान गर्ने सम्बन्धमाः

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाका आई.ई.ई. स्वीकृत भएका खोलाहरुमा मिति २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाको कारण नदीजन्य पदार्थको पूर्व स्वीकृत आ.ई.ई. प्रतिवेदनमा उल्लेख भएको परिमाणको तुलनामा वृद्धि भएकोले उक्त वडा नं. १ स्थित शेरा खोला र वडा नं २ स्थित ठूल्चौर  खोलाहरुमा नदीजन्य पदार्थको पुनः गरिएको आ.ई.ई. स्वीकृत गर्ने र स्वीकृत भएको आ.ई.ई को परिमाण बमोजिमको नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का आह्वान गर्ने निर्णय गरियो।